# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०७।१८ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला सप्तरी, महादेवा गाउँपालिका वडा नं. २ अन्तर्गत दोमुहान डगरदेखि पश्चिम खाडो नदी हुँदै भिमबाँधसम्मको कृषि सडक निर्माण कार्यमा अनियमितता गरेको भन्ने समेत व्यहोराको प्राप्त उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा आ.व. २०७७।७८ मा महादेवा गाउँपालिका वडा नं. २ स्थित दोमुहान डगरदेखि पश्चिम खाडो नदीको भिमबाँधसम्मको कृषि सडक निर्माणको लागि कृषि विकास निर्देशनालय धनुषाको नेपाल सरकारबाट प्राप्त श्रोततर्फको कृषि सडक निर्माण (कच्ची सडक) को लागि कुल अनुमानित लागत (कन्टिन्जेन्सी समेत) रु.२३,५२,८६९।६६ स्वीकृत भएको र उक्त लागत अनुमानमध्ये कार्यालयले बेहोर्ने रु.१९,९९,९३९।२१ (८५%) र उपभोक्ता समिति (जनश्रमदान) ले बेहोर्ने रु.३,५२,९३०।४५ (१५%) समेत जम्मा रु.२३,५२,८६९।६६ (तेईस लाख बाउन्न हजार आठ सय उनान्सत्तरी रुपैयाँ पैसा छैसठ्ठी) को वजेट सीमाभित्र रही कार्य सम्पन्न गर्ने गरी कृषि विकास निर्देशनालय, नक्टाझिज, धनुषा र कृषि सडक निर्माण उपभोक्ता समिति महादेवा २ कजौली बीच मिति २०७८।२।१८ मा सम्झौता भएकोमा उक्त सम्झौता अनुसार मिति २०७८।२।१८ गते नै योजना शुरू गरी २०७८।२।३१ सम्ममा कार्य सम्पन्न गरी सक्नुपर्ने देखिएको तर सो तोकिएको समयावधि भित्र कार्य सम्पन्न नगरी उपभोक्ता समितिले मिति २०७८।३।१ मा मिति २०७८।३।५ गतेसम्मको लागि म्याद थप सम्बन्धी निवेदन पेश भएको देखिएको सो निवेदन अनुसार माग भएको सम्झौताको अवधि थप सम्बन्धी कुनै निर्णय नभएको, सम्झौताको शर्त र मापदण्ड अनुसार काम गरेको भनी प्राविधिकले नापी किताव, रनिङ्ग विल, कार्य सम्पन्न प्रतिवेदनको आधारमा कृषि विकास निर्देशनालय धनुषाले उपभोक्ता समितिको नाममा मिति २०७८।३।२१ मा रु.१८,२२,६०१।–(अठार लाख बाईस हजार छ सय एक) भुक्तानी गरेकोमा आयोगको प्राविधिक टोलीले सो कृषि सडक निर्माण (कच्ची कृषि सडक) आयोजनाको स्थलगत नापजाँच गरी पेश गरेको स्थलगत (फिल्ड) नापजाँच तथा प्राविधिक प्रतिवेदनमा कृषि सडक निर्माण कार्य/संरचनाको नापी कितावमा भएको परिमाण र फिल्डमा भएको परिमाणको एकआपसमा तुलना गर्दा नापी कितावको परिमाण ४३७.४० क्यु.मि. भएकोमा फिल्डको परिमाण २०३.१४ क्यु.मि. भई फरक परिमाण-२३४.२६ (ऋणात्मक) क्यु.मि. भएको हुँदा BOQ Rate २९४८.२५ का दरले हुन जाने जम्मा रु.६,९०,६५७।०५ (छ लाख नब्बे हजार छ सय सन्ताउन्न रुपैयाँ पैसा पाँच) बराबरको रकम प्रतिवादीहरुको मिलोमतो र संलग्नतामा कृषि विकास निर्देशनालयलाई गैरकानूनी हानिनोक्सानी पुऱ्याउने, आफूहरु र उपभोक्ता समितिका पदाधिकारीहरुलाई गैरकानूनी लाभ पुऱ्याउने वद्नियतले बढी भुक्तानी दिने/लिने कार्य गरेको, त्यसैगरी Gravel कार्यको परिमाण नापी किताबभन्दा फरक परिमाण रहेको, चेनेज (०+१५०) देखि चेनेज (०+२५०) र चेनेज (०+४००) मा ग्राभेल नदेखिएको, wear and tear को अवस्था देखिएकोले समग्रमा रू.६,९०६५७।०५ (छ लाख नब्बे हजार छ सय सन्ताउन्न रुपैयाँ पैसा पाँच) बराबरको कैफियत भएको देखिंदा प्रतिवादीहरुले वद्नियत राखी वास्तविक कार्यभन्दा वढी कार्य गरेको भनी बढी

भुक्तानी दिने लिने कार्य गरे गराएको पुष्टि भएको हुँदा उक्त कसूरजन्य कार्यमा संलग्न भएका देहायबमोजिमका प्रतिवादीहरुउपर देहायबमोजिमको सजाय हुन मागदावी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

<u>देहाय</u>

| सि. नं. | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | कृषि विकास निर्देशनालय नक्टाझिज, धनुषाका **कार्यालय प्रमुख रत्न कुमार झा**, कृषि अर्थ विज्ञ-योजना प्रमुख **विकास कुमार साह**, लेखा अधिकृत (छैठौ) **चक्र प्रसाद अधिकारी** | जनही रू.६,९०,६५७।०५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ख), (ग) र (ङ) बमोजिमको कसूरमा विगो छ लाख नब्बे हजार छ सय सन्ताउन्न रुपैयाँ पैसा पाँच कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगोसमेत असूल उपर हुन मागदाबी लिइएको छ। |
| २. | जिल्ला सप्तरी, महादेवा गाउँपालिका वडा नं. ०२ का **वडा अध्यक्ष जगदिश मंडल** | रू.६,९०,६५७।०५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ख), (ग) र (ङ) बमोजिमको कसूरमा विगो छ लाख नब्बे हजार छ सय सन्ताउन्न रुपैयाँ पैसा पाँच कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगोसमेत असूल उपर हुन साथै, नभए नगरेको कामको परिमाणसमेत भए गरेको भन्ने गलत सिफारिस गरी सोही सिफारिसको आधारमा भुक्तानीका लागि पेश भई भुक्तानी सदर भएको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना समेतको सजाय हुन मागदाबी लिइएको छ। |
| ३. | कृषि सडक निर्माण उपभोक्ता समिति महादेव-२, कजौली, सप्तरीका अध्यक्ष **हरि नारायण यादव**, सचिव **गगांराम यादव** र कोषाध्यक्ष **सावित्री देवी यादव** | जनही रु.६,९०,६५७।०५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा बिगो छ लाख नब्बे हजार छ सय सन्ताउन्न रुपैयाँ पैसा पाँच कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगोसमेत जफत हुन मागदाबी लिइएको छ। |
| ४. | **कृषि विकास निर्देशनालय, नक्टाझिज, धनुषाका परामर्शदाता किरु इन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा.लि.** र सो प्रा.लि.का | रु.६,९०,६५७।०५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ख), (ग) र (ङ) बमोजिमको कसूरको अन्य गैरकानूनी लाभ प्राप्त गर्ने कार्यमा मतियार भई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक बाक्यांशबमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारसमेतलाई भ्रष्टाचार निवारण ऐन, |

| | | | |
|---|---|---|---|
| | प्रोप्राइटर **हरिश कुमार सिंह** | | २०५९ को दफा ८ को उपदफा (१) बमोजिमको कसूरमा बिगो छ लाख नब्बे हजार छ सय सन्ताउन्न रुपैयाँ पैसा पाँच कायम गरी सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी विगो असूल हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांशबमोजिम मुख्य कसूरदार सरह सजाय हुन साथै नभए नगरेको कामको समेत भए गरेको भन्ने गलत कार्य सम्पन्न प्रतिवेदन, नापी किताब र प्रथम तथा अन्तिम बिल तयार गरी सोही बिल तथा प्रतिवेदनको आधारमा भुक्तानीका लागि पेश भई भुक्तानी सदर भएको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुनसमेत मागदाबी लिइएको छ। |

प्रवक्ता
राजेन्द्र कुमार पौडेल